आर्थिक अभियान
राष्ट्रिय दैनिक
Aarthik Abhiyan Daily
www.abhiyan.com.np
@abhiyannationaldaily
@arthik_abhiyan
हरेक दृष्टि, आर्थिक कोण

नेपालमा हवाई सुरक्षा ▸ पृष्ठ २
क्षेत्रीय व्यापार बढाउन उच्चस्तरको सहकार्य आवश्यक ▸ पृष्ठ ५
चिनियाँ औद्योगिक उत्पादन वृद्धि ५ वर्षकै न्यून ▸ पृष्ठ ६

वर्ष ९, अङ्क १५४ | काठमाडौं | शुक्रबार, ३० फागुन २०७० | Friday, March 14, 2014 | पृष्ठ ८+४ | आमन्त्रण मूल्य रू. ५।-

# क्षेत्रीय व्यापार बढाउन उच्चस्तरको सहकार्य आवश्यक

**■ अभियान संवाददाता**

फागुन २९, काठमाडौं । दक्षिण एशियाली क्षेत्रमा अन्तरक्षेत्रीय व्यापार विस्तार गर्न सदस्य देशहरूबीच उच्चस्तरीय सहकार्य आवश्यक भएको विज्ञहरूले सुझाव दिएका छन् । व्यापार, जलवायु परिवर्तन र खाद्य सुरक्षा सम्बन्धमा क्षेत्रीय सहकार्यसम्बन्धी कार्यशालामा छलफल गर्न राजधानीमा जम्मा भएका विज्ञहरूले त्यस्तो सुझाव दिएका हुन् । स्वीडिस स्ट्याण्डर्ड इन्स्टिच्युट (सिस) र अक्स्फामको सहयोगमा साउथ एशिया वाच अन ट्रेड, इकोनोमिक्स एण्ड




इन्भायरोन्मेण्ट (सावती)ले आयोजना गरेको कार्यशाला शुक्रवारसम्म चल्नेछ ।

दक्षिण एशियामा रहेका प्रायः सबै देशले गरीबी निवारणमा सङ्घर्ष गरिरहेकाले त्यसको समाधानका लागि अन्तरक्षेत्रीय व्यापार विस्तारका लागि मिलेर काम गर्न उनीहरूले जोड दिएका छन् । खाद्य असुरक्षा कम गर्न तथा कृषि उत्पादन बढाउन लगानी प्रवर्द्धनलाई प्राथमिकतामा राख्नुपर्ने कार्यशालाका सहभागी निमित्त परराष्ट्र सचिव शङ्करदास बैरागीले बताए । त्यस्तै, यस क्षेत्रको समानुपातिक आर्थिक विकासका लागि अन्तरक्षेत्रीय व्यापारलाई प्राथमिकता दिनुको विकल्प नरहेको प्रधानमन्त्रीका सल्लाहकार डा. दिनेश भट्टराईको भनाइ थियो । 'व्यापार, जलवायु परिवर्तन र खाद्य सुरक्षाका क्षेत्रमा सरकारी, निजी तथा सम्बन्धित सरोकारवालासँगको सहकार्य आवश्यक छ,' उनले भने ।

बितेका केही वर्षयता आर्थिक वृद्धि र गरीबी निवारणका क्षेत्रमा दक्षिण एशियामा उत्साहमूलक विकास भएकाले त्यसलाई बिर्सन नमिल्ने सावतीका कार्यकारी अध्यक्ष डा. पोषराज पाण्डेको भनाइ थियो । त्यस्तै, विश्व व्यापार सङ्गठन (डब्ल्यूटीओ)को व्यापार सहजीकरण सम्झौताअनुसार दक्षिण एशियाली देशले प्राप्त गर्ने सहयोगको ८२ प्रतिशत हिस्सा अफगानिस्तानमा मात्र केन्द्रित भएकाले त्यसको विविधीकरण आवश्यक भएको इन्हान्स्ड इण्टिग्रेटेड फ्रेमवर्क (ईआईएफ)का कार्यकारी निर्देशक डा. रत्नाकर अधिकारीले बताए । दुई दिनसम्म चल्ने कार्यशालामा दक्षिण एशियाका ५० जना विज्ञ तथा सरकारी अधिकारी सहभागी छन् ।